नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० — द.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक ३२ २०७८ साल फागुन २२ गते आइतवार (6 Mar. 2022 Sunday) मूल्य रु. ७/-

तेजाब वा अन्य घातक रसायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा विक्री बितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – **पृष्ठ २ मा :** बाह्र जना सहिद परिवार ने ... **पृष्ठ ३ मा :** फड्को मार्दै अनलाइन ... **पृष्ठ ४ मा :** सहकारी संस्थाका लागि १६ ... **पृष्ठ ५ मा :** जनमत पार्टीका ...

## राम्रो व्यवस्थापन गर्न नसकेको भन्दै सप्तरी काँग्रेसको निर्वाचन स्थगित, मतपत्र च्यातियो

**राजविराज**/नेपाली काँग्रेस सप्तरीको जिल्ला अधिवेशन विवादका बीच स्थगित भएको छ । निर्वाचन समितिले निर्वाचन स्थलमा राम्रो व्यवस्थापन गर्न नसकेको भन्दै दिउँसो ४ बजेतिर विवाद उत्पन्न भएपछि निर्वाचन स्थगित भएको हो ।

पटक पटक समय परिवर्तन गर्दै शनिबारका लागि तय भएको जिल्ला अधिवेशन बिहान ८ बजेदेखी हुने भनिएको निर्वाचन १० बजेदेखी मात्र सुरु भएको थियो ।

रुपनी गाँउपालिका वडा न ५ स्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा तय गरिएको निर्वाचन स्थलमा एउटै व्यक्तिले पटक पटक मतदाताको सहयोगि बनेको भन्दै विवाद उत्पन्न भएको थियो ।

सो विवाद उत्पन्न भएपछि केही मतपत्र च्यातिएको प्रत्यक्षदर्शी काँग्रेसी नेताहरुले जनाएका छन् । कुल २ हजार ५ सय ३५ मतदाता मध्ये दिउँसो ४ बजेसम्म ६ सय ३ मत मात्र खसेको थियो ।



निर्वाचन समितिले क्षेत्र नं. १ देखि ४ सम्म अलग अलग बुथ राखेपनि महिला र पुरुषलाई एउटै बुथमा राखेपछि बिवादको अर्को कारण बनेको थियो । एउटै बुथमा महिला पुरुष राखेपछि एक मतदातालाई धेरै उम्मेदवारलाई मतदान गर्नुपर्ने बाध्यताले व्यवस्थापन भद्रगोल अवस्था देखिएको थियो ।

नयाँ नेतृत्वका लागि सभापति पदमा संस्थापन पक्षतर्फबाट शत्रुधन प्रसाद यादव र इतर पक्षतर्फबाट रामदेव साहको उम्मेदवारी दिएका छन् । संस्थापन पक्षबाट सभापति पदमा उम्मेदबारी दिएका शत्रुधनलाई बर्तमान सभापति समेत रहेका केन्द्रिय सदस्य दिनेश कुमार यादवको समर्थन रहेको छ भने शेखर कोइराला पक्षबाट उम्मेदवारी दिएका रामदेवलाई संघीय सांसद तेजुलाल चौधरीको समर्थन रहेको छ ।

यो समाचार तयार गर्ने समय सम्म निर्वाचन समिति र उम्मेदवारद्वय पक्षबीच छलफल जारि रहेको छ । श्रोतका अनुसार स्थगित भएको निर्वाचन मंगलबार हुने जनाइएको छ ।

## लेखापरिक्षक नियुक्तिमा आर्थिक चलखेल भएको अडिटर्स एशोसिएसनको आरोप

**राजविराज**/नेपाल अडिटर्स एशोसिएसन जिल्ला कार्य समिति सप्तरीले जिल्लाको कंचनरुप नगरपालिकाले स्थानिय सामुदायिक विद्यालयहरुमा लेखापरिक्षकको नियुक्तीमा अनियमितता भएको ओरोप लगाएको छ ।

अडिटर्स एशोसिएसनका अध्यक्ष विश्वनाथ देवद्वारा जारि विज्ञप्तिमा कंचनरुप नगरपालिका शिक्षा शाखाले लेखापरिक्षणार्थ लेखापरिक्षकको नियुक्ति गर्न सूचना पालिकाको वेवसाइटमा असोज १२ गते प्रकाशित गरेपछि ३३ जनाको निवेदन परेकोमा १५ जनालाई मात्र आर्थिक चलखेल गरि मनपरी तरिकाले नियुक्त गरेको आरोप लगाइएको छ ।

३३ जना मध्ये १३ जना स्थानिय लेखापरिक्षकको निवेदन परेकोमा ३ जनालाई मात्र नियुक्त गरि व्यापक अनियमितता गरेको एशोसिएसनले निश्कर्ष निकालेको छ ।

यस्तै विज्ञप्तिमा नेपाल अडिटर्स एशोसिएशन सप्तरीले फागुन ११ गते लेखापरिक्षकको नियुक्ति सम्बन्धमा सूचना माग गर्दा शिक्षा शाखाले कुनै जानकारी नदिएकोले सो सम्बन्धमा आवश्यक छानबिन गरि कडा कारवाहीका लागि माग गरिएको छ ।

उक्त नगरपालिकाको ३२ सामुदायिक विद्यालयहरुले आ.ब. २०७५/०७६ देखी २०७७/७८ सम्म तीन वर्षको हालसम्म लेखापरिक्षण गराएका छैनन् । नगरपालिकाहृस्को शिक्षा शाखाले ती विद्यालयहरुको लेखापरिक्षणका लागि प्रदेश १ का ११, मधेश प्रदेशको लहानका एक तथा सप्तरीका ३ जना लेखापरिक्षकहरुलाई नियुक्त गरेको छ ।

यता सप्तरीका लेखापरिक्षहरुले आफूहरुले सूचनाले माग गरे अनुरुप नै सम्पूर्ण प्रक्रिया पुरा गरि निवेदन पेश गर्दा पनि स्थानिय लेखापरिक्षहरुलाई पालिकाले उपेक्षित गरेको आरोप लगाएका छन् ।

## भन्सार कार्यालयलाई निर्णय तुरुन्त फिर्ता लिन सिमा सम्वादको आग्रह

राजविराज भन्सार कार्यालय सप्तरी बाट सर्वसाधारणको लागि जारी सन्देश

- नेपाल सरकार , भन्सार ऐन २०६४, भन्सार नियमावली २०६४ र आर्थिक ऐन,२०७८ अनुसार रु.१००।- ( एकसय ) रुपैया भन्दा बढी मूल्यको नियमानुसार आयात गर्न पाउने मालवस्तुको अनिवार्य रुपमा भन्सार महशुल तिरी मात्र जानुहोला । भन्सार महशुल नतिरी सामान आयात गर्दा सामान जफत हुनुका साथै नियमानुसार कानुनी कारबाही समेत हुनेछ ।
- चिनी, तेल आयात गर्न पाउने छैन ।
- अन्य खाद्यान्न सामग्री, लत्ताकपडा, गाँडाकुँडा को हकमा भन्सार महशुल अनिवार्य रुपमा तिर्नुपर्नेछ ।
- भन्सार महशुल नतिरी सामान आयात गर्दा सामान जफत हुनुका साथै नियम कानुन अनुसार दण्ड/जरिवाना लाग्नेछ ।

**राजविराज**/नेपाल भारत खुला सिमा सम्बाद समुह सप्तरीले राजबिराज भन्सार कार्यालय सप्तरीबाट सर्बसाधारणका लागि जारी सन्देश प्रति ध्यानाकर्षण भएको जनाएको छ ।

खुला सिमा सम्वाद समूहका सप्तरी संयोजक गजेन्द्र कुमार मण्डलद्वारा शनिबार जारि विज्ञिप्तमा कुनै पनि बहानामा सिमा क्षेत्रको बासिन्दाले बर्षौदेखी दैनिक जिबनमा उपभोग गर्दै आएको सुबिधामा असर पर्ने काम नगर्न आग्रह गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, "सम्वाद समूहले नेपाल भारतको सास्कृतिक, आर्थिक, समाजिक सम्बन्ध बलियो बनाउने कार्यमा बिगत पाच बर्षदेखि सिमा क्षेत्रमा विभिन्न किसिम कार्यक्रम, छलफल गर्दै आएको जनाउँदै खुला सिमा समाधान हो, समस्या होइन भन्ने मुल मन्त्र राखि नेपाल भारत बीचको खुला सिमा पौराणिककालदेखि सम्बन्धलाइ यथास्थानमा राखी सिमा आरपारको सम्बन्धलाइ अझ मजबुत बनाउने कार्यमा प्रयासरत रहेको जानकारी गराउन चाहन्छौ"

***बाँकी अन्तिम पृष्ठमा***

**भ्रष्टाचार अपराध हो, यसको अन्त्य गरौं।**

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाईएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो ।

त्यसैले,

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खवर गरौं ।

भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# विभेदप्रति ध्यान पुगोस्

संसारका विकसित र विकाशील देशहरुमा धन, जात, रंग, धर्म, लिंग लगायतका आधारमा विभेद हुने गरेको छ। नेपाल पनि त्यसबाट अछुतो रहेको छैन्। विभेदरहित देश बनाउन असम्भव हुने कुरा कटुसत्य हो। राज्य र सचेत नागरिकले इमान्दार प्रयास गरेमा सबै प्रकारका विभेद न्यूनीकरण गर्न सकिन्छ भने मान्यता रहको छ। नेपाल सबै भन्दा बढी जातीय भेदभाव रहेको छ। सानो जातका भनिएका दलितहरुलाई हजारौं वर्षदेखि विभेद गरिदै आइएको छ।

दलित समुदायलाई पहाडे दलित, मधेशी दलित र नेवारी दलितमा विभाजन गर्ने गरिन्छ र सबैभन्दा पीडित भने मधेशी दलित छन्। नेपालको संविधान २०७२ धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक सुनिश्चित गरेको छ। धारा २४.१ बमोजिम कुनै पनि व्यक्तिलाई निजको उत्पति, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा निजी तथा सार्वजनिक स्थानमा भेदभाव गर्नु हुन्न भन्दाभन्दै पनि कानूनको फितलो कार्यान्वयनका कारण अझै पनि दलितहरुसँग जातीय भेदभाव र छुवाछुत कायमै रहेको छ।

नेपालले पनि जातीय लगायत हरेक प्रकारका भेदभाव न्यूनीकरण गर्ने प्रचार गरेन भने शक्ति केन्द्रहरुलाई अस्थिर नेपाल बनाई राख्न झन सजिलो हुनेछ। तसर्थ अब त्यसका लागि कानूनलाई अझ सक्रिय बनाएर कार्यान्वयन पक्षलाई चुस्तदुरुस्त बनाउनु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बाह्र जना सहिद परिवार नगदसहित सम्मानित



**राजविराज**/जनयुद्धका क्रममा ज्यान गुमाएका सहिद परिवारलाई मधेश प्रदेश सरकारले एक-एक लाख रुँपैया नगद प्रदान गर्दै सम्मान गरेको छ।

मधेश प्रदेश सरकारको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय र मधेशी सहिद प्रतिष्ठानले बिहीबार राजविराजमा एक कार्यक्रमको आयोजना गरी जनयुद्धका क्रममा सहिद भएका १२ जना सहिद परिवारलाई एक-एक लाख नगद तथा दोसल्ला र कदरपत्रबाट सम्मान गरेको हो।

आयोजित कार्यक्रमका प्रमुख अतिथी मधेश प्रदेशका आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरतप्रसाद साहले जनयुद्धका सहिद परिवारलाई पनि तीन-तीन लाख रुपैयाँ सहयोग गर्ने प्रदेश सरकारको निर्णय भएको बताउँदै पहिलो चरणमा एक-एक लाख र दोश्रो चरणमा बाँकी रकम प्रदान गरिने जानकारी दिए।

जनयुद्ध र मधेश आन्दोलनका सहिद तथा घाइते परिवारलाई प्रदेश सरकारले जीबिकोपार्जनका लागि आर्थिक सहयोगका साथै विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याइसकेको बताउँदै भविष्यमा समेत प्रदेश सरकारको साधन श्रोतले भ्याएसम्म सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता जनाए।

सहिद प्रतिष्ठानकी सदस्य कविता ठाकुरले जनयुद्धका क्रममा मधेश प्रदेशबाट ५ सय ४२ जनाले ज्यान गुमाएको र क्रमिक रुपमा सबैले प्रदेश सरकारको उक्त सहयोग प्राप्त गर्ने बताइन्।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका सप्तरी इन्चार्ज एवम् संविधानसभा सदस्य अशोककुमार मण्डल 'अमर', प्रदेश सभा सदस्य जगत यादव, प्रमिला यादव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयका सचिब रामकुमार महतो, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सभापति श्रवण देव लगायतले सहिद परिवारलाई आर्थिक सहयोगसँगै सीप र रोजगार दिएर अवसर प्रदान गर्नुपर्नेमा जोड दिएका थिए।

यसअघि मधेश सरकारले माघ ५ गते मधेश आन्दोलनको समझनामा बलिदानी दिवसको अबसरमा ५८ जना सहिद परिवारलाई ३-३ लाखका दरले सहयोग प्रदान गरेको थियो।

यस पटकदेखि मधेश प्रदेश सरकारले जनयुद्ध दिवस समेत मनाउँन थालेको छ। जनयुद्ध दिवस फागुन १ गते जनकपुरमा विशेष कार्यक्रमको आयोजना गरी मनाइएको थियो।

# एमसिसी बहुमतले अनुमोदन

**काठमाडौं**/नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता प्रतिनिधिसभाको बैठकबाट बहुमतले अनुमोदन गरेको छ।

लामो बहस र विवादपछि उक्त सम्झौता गत आइतबार अनुमोदन भएको हो। सभामुख अग्निप्रसाद सापकोटाले व्याख्यात्मक घोषणासमेत सदनबाट जारी भएको सुनाएका थिए। प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले भने आफ्ना माग सम्बोधन नभएको जनाउँदै विरोध जारी राखेको थियो।

यसअघि सरकारले अमेरिकी सहयोग परियोजना (एमसिसी) को सन्दर्भमा प्रतिनिधिसभामा प्रस्तुत गरेको १२ बुँदे व्याख्यात्मक घोषणालाई सांसदहरूले सकारात्मक भएको प्रतिक्रिया दिएका छन्। एमसिसी सम्झौताको प्रावधानमाथिको छलफलमा भाग लिँदै सांसदहरूले सो कुरा बताएका हुन्।

प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकमा भएको उक्त सम्झौतामाथिको छलफलमा भाग लिँदै नेपाली कांग्रेसकी सचेतक पुष्पा भुसालले एमसिसीले नेपालको अर्थतन्त्रलाई बलियो बनाउन र पूर्वाधारको विकासका लागि सहयोग गर्ने बताए। उनले एमसिसीले विश्वका ४६ वटा देशहरूसँग पनि भएको र सम्झौतामा सैने गठनबाट जोडिएको छैन भनी प्रस्ट पार्दै व्याख्यात्मक घोषणा सकारात्मक भएको टिप्पणी गरे।

माओवादी केन्द्रका मातृकाप्रसाद यादवले व्याख्यात्मक घोषणा अन्तर्राष्ट्रिय रूपमै एमसिसीको अङ्ग बनेको छ भने। सांसद डा मीनेन्द्रप्रसाद रिजालले एमसिसीका बारेमा गलत भ्रम चिर्नका लागि व्याख्यात्मक घोषणाले सहयोग गर्ने विश्वास व्यक्त गरे।

नेकपा (एकीकृत समाजवादी) का सांसद जीवनराम श्रेष्ठले १२ बुँदे व्याख्यात्मक घोषणा सकारात्मक भएको बताउँदै सो घोषणालाई अमेरिकी पक्षले पनि अनिवार्य पालना गर्नुपर्ने बताए। नेकपा (माओवादी केन्द्र) का सांसद गिरीराजमणि पोखरेलले एमसिसीबारे अझै स्पष्ट गर्नुपर्नेमा जोड दिए। कांग्रेसका सांसद गगन थापाले अहिले एमसिसीबारे विरोध गर्ने दलका नेताहरूले एमसिसीबारे सम्झौतामा सहभागी भएको भन्दै नक्कली राष्ट्रवादी नहुन आग्रह गरे।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# फड्को मार्दै अनलाइन पत्रकारिता, चुनौतीका चाङ उस्तै



**रिकेश निरौला**

सन् १४५६ मा प्रिन्टिङ प्रेसको आविष्कार भएपछि सुरू भएको पत्रकारिता वर्तमान समयसम्म आइपुग्दा छापा, रेडियो, टेलिभिजन हुँदै आज अनलाइन पत्रकारितासम्म आइपुगेको छ। इन्टरनेटको सन्जालभित्र विभिन्न वेब साइटमा सूचना तथा समाचार उपलब्ध गराउने प्रक्रियालाई अनलाइन पत्रकारिता भनिन्छ। अनलाइन पत्रकारिताको सुविधा भनेको आफ्नो इच्छा अनुसार वेभसाइटमा भिजिट गरी पढ्न र हेर्न सकिनु हो। नेपालमा पनि प्राय: सबै अखबारहरु इन्टरनेटमा गइसकेकाले तिनलाई पाठकले आफ्नो इच्छा अनुकूल पढ्न सक्छन्।

नेपालमा मर्कन्टाइल प्रालिले 'नेपाल न्यूज डटकम' नामक वेवसाइटमार्फत् बिस २०५६ सालदेखि पहिलो अनलाइन पत्रकारिता सुरु गरेको हो। त्यसपछिको नेपाली ई-पत्रिकाको रूपमा 'नेपालीपोष्ट डटकम'लाई लिइन्छ। पत्रकार गिरिश पोखरेलले अमेरिकाबाट सुरु गरेको यो अनलाइन अहिले पनि सञ्चालनमा छ। यो नेपाली भाषाको पहिलो अनलाइन पत्रिका हो। अहिले विश्वमा इन्टरनेटको लोकप्रियतासँगै अनलाइन पत्रकारिताले तीव्र गति लिँदैछ।

सन् १९६९ मा अमेरिकी रक्षा विभागका अनुसन्धान विशेषज्ञले चार वटा कम्प्युटरको नेटवर्क अपार्नेटबाट प्रयोगात्मक रूपमा सूचना आदान प्रदान गर्न सुरु गरेका थिए। एक वर्ष पछि सन् १९७० मा यो टेलिटेक्स र भिडियो टेक्सको रूपमा विकास भयो। तर १९८६ मा भिडियो टेक्स पूर्ण रूपमा बन्द भयो। सन् १९९० मा बेलायती वैज्ञानिक टीम वर्नर लीले वेभसाइट बनाउनक अत्यावश्यक एटीएमएल कोडको विकास गरे, जसबाट वेबपेजको निर्माण सम्भव भयो। सन् १९९२ मा अमेरिकाको शिकागो दिव्यन अनलाइनको रुपमा इन्टरनेटमा प्रकाशित भयो, त्यसपछि नै अनलाइन पत्रकारिताको सुरुवात भएको मानिन्छ।

प्रारम्भमा सीएनएन, बीबीसी तथा अन्तराष्ट्रिय सञ्चारमाध्यम हरू धेरै अगाडि अनलाइन संस्करणमा गए। त्यसो त नेपाल पनि यसमा त्यति पछाडि भने देखिदैन। सन् १९९३ बाट विश्वभर नै अनलाइन पत्रकारिताको विकासले तिव्रता पाएको थियो भने नेपालमा पनि सन् १९९५ मै यसको प्रारम्भ भइसकेको थियो। मर्कन्टाइल प्रालिले सन् १९९५ मा साउथ एसिया इट कम मार्फत कान्तिपुर पब्लिकेशन हाउसको अङ्ग्रेजी दैनिक दि काठमाडौं पोस्टलाई आफ्नो साइटमा राखेर अनलाइन पत्रकारिताको प्रारम्भ गरेको थियो। यसले सन् १९९८ मा नेपाल न्यूज डटकमको रूपमा आफ्नै अनलाइन पत्रिका सुरु गरेको थियो।

प्रारम्भमा नेपाल न्यूजले आफ्नै समाचार राख्नेदेखि लिएर अन्य पत्रिकाहरुलाई समेत आफ्नो साइटमा हालिदिने काम गर्दै अनलाइनको संसारमा प्रवेश गरायो। उसले प्रारम्भमा कान्तिपुर पब्लिकेशन, गोरखापत्र संस्थान, कामना प्रकाशन लगायत अन्य थुप्रै साप्ताहिक र मासिक पत्रिका नेपाल न्यूजको वेभसाइटमार्फत् प्रकाशन गर्ने महत्वपूर्ण काम गर्यो।

अनलाइन पत्रकारिताको रफ्तार बढ्दै गएपछि कुनै प्रकाशन गृह बिना नै स्वतन्त्र रूपमा समेत समाचार पोर्टलहरूको प्रारम्भ हुन थाल्यो। विस्तारै यसमा नेपाल बाहिर रहेका नेपालीहरुको सक्रियता बढ्न थाल्यो भने नेपाल भित्र पनि ई-पत्रिकाको संख्या बढ्दै गए। अनलाइन पत्रिकाको माग बढ्दै गएपछि छापा, ध्वनि र दृष्यमा आधारित सञ्चार माध्यम पनि अनलाइनमा छिरेका छन्। अहिले नेपालका दैनिकदेखि साप्ताहिकसम्म धेरैजसोको अनलाइन संस्करण छ। नेपालमा हाल २ हजार ३ सय २५ अनलाइन समाचार पोर्टल दर्ता भएका छन्। दिनहुँ दर्ता हुने क्रम रहेकाले यो संख्या बढ्दै गएको छ।

**अनलाइन पत्रकारिताको सबल पक्ष**

सम्बन्धित व्यक्तिलाई नै नभेटी, कुनै अनुसन्धान नै नगरी हतारमा स्रोत नखुलाई खबर सम्प्रेषण गरिने भएकाले अनलाइनमा झूटो खबरको संभावना बढी हुन्छ। यति हुँदा हुँदै पनि यसका सबल पक्ष बढी छन्।

-पाठकले आफ्नो इच्छा अनुसार फुर्सदको बेलामा आवस्यकता अनुसार पढ्न सक्छन्।

–छापावाल अखबार भन्दा यो छिटो र सुविधा जनक हुन्छ।

-यस्को वेब स्पेस असीमित भएकाले धेरै बिषयबस्तु, सामग्री समेट्न सक्छ।

-पाठकले पढिसक्ने बित्तिकै तुरुन्तै प्रतिक्रिया दिन सक्छन्।

-कम लगानी र थोरै जनशक्तिको प्रयोग गरेर पनि सञ्चालन गर्न सकिन्छ।

-थोरै समयमा नै आमसर्वसाधारण माझ घटनाको विस्तृत जानकारी पुर्याउन सक्छ।

**अनलाइन पत्रकारिताको चुनौती**

विकसित राष्ट्रहरूमा परम्परागत मिडियालाई विस्थापित गराउने हदसम्मको पहुँचमा अनलाइन पत्रकारिताको विस्तार भएपनि नेपालमा आशा अनुरूपको विकास हुन सकेको छैन। अनलाइन पत्रकारहरुको लामो सङघर्षपछि सरकारले अनलाइन पत्रकारितालाई समेत राज्यस्तरबाट मान्यता दिए पनि सरकार यसलाई सहयोग गर्ने सवालमा अझै पनि अन्यौल देखिन्छ। अनलाइन पत्रकारितालाई परिभाषित गरी वर्गीकरण गर्ने विषयमा सरकार उदासीन छ। भौगोलिक विकटता, कम गतिको इन्टरनेट र त्यसमा पनि अनलाइनको पाठक सीमित छन्।

अनलाइनमा स्रोत नखुलाइ हतारमा सम्प्रेषण गरिएका सामग्रीले सर्वसाधारणमा विश्वास जाग्न सकिरहेको छैन। युट्युब तथा केही अनलाइन पत्रकारहरू अनुसन्धान नै नगरी सम्बन्धित व्यक्तिलाई नै नभेटी मनगढन्ते समाचार सम्प्रेषणमा दौडिन्छन्। इन्टरनेट साइट खोल्न जोसुकैले पनि पाउने र यस प्रकारका सामग्रीमा पत्रकारिताको कुनै सिद्धान्त पूरा गरेको नदेखिने भएका कारण आचारसंहिताको पक्षमा बेला बेलामा कुरा उठ्ने गरेको छ।


नेपालमा अनलाइन पत्रकारिताको टाउकोमाथि बाँधिएको तरबारको रुपमा विधुतिय कारोबार ऐन २०६३ को दफा ४७ रहेको छ। यो दफा अनुसार कम्प्युटर, मोबाइल इन्टरनेटलातका विद्युतीय सञ्चारमाध्यमहरु मार्फत प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न भनी रोक लगाएका सामग्री प्रशारण वा प्रकाशन गर्न पाइने छैन। कानुनले बन्देज लगाएका सामग्री इन्टरनेट मार्फत प्रकाशन वा प्रशारण गरेमा ५ वर्ष सम्मको कैद वा एक लाख सम्मको जरिबना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ।

२०७५ साल भाद्र १ गतेबाट लागू हुने फौजदारी कसूरहरूलाई नियमन गर्ने अपराधसंहितामा इन्टरनेटसँग प्रत्यक्ष सरोकार राख्ने केही कसूरहरू छन्। मुलुकी अपराधसहिंता २०७४ को परिच्छेद ५ को दफा १२१ मा अश्लील प्रकाशन र प्रचारप्रसारका बारेमा व्यवस्थामा कसैले पनि शारिरिक उत्तेजना बढाउने, चरित्रहीन बनाउने कुनै किताब, प्रचारप्रसार चलचित्र, तस्विर वा अन्य कुनै वस्तु बनाउन वा प्रकाशित गर्न वा विद्युतीय संचार माध्यमबाट प्रचारप्रसार गर्न पाइने छैन। त्यस्तो कानुनले बन्देज गरेको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँ सम्मको जरिबाना वा दुवै सजायको व्यवस्था गरिएको छ। यति व्यवस्था हुँदा हुँदै पनि केही अनलाइनले अश्लील पत्रकारिता पनि गरिरहेका छन्। यसलाई प्रेस काउन्सिलले नियमन गर्न सक्नुपर्छ। रातोपाटीबाट

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**




**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी**

# सहकारी संस्थाका लागि १६ प्रतिशत ब्याज कायम

**काठमाडौं**/सहकारी विभागले सहकारी सङ्घसंस्थाका लागि ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत कायम गरेको छ।

विभागले जारी गरेको सूचनामा सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिम सन्दर्भ ब्याजदर निर्धारण समितिको सिफारिसमा सन्दर्भ ब्याजदरको अधिकतम सीमा तोकेको हो।

सूचनामा सबै सहकारी सङ्घसंस्थाले सदस्यलाई ऋण प्रवाह गर्दा सीमा १६ प्रतिशतमा नबढ्ने गरी बचत र ऋणको ब्याजदरको अन्तर छ प्रतिशत कायम हुने गरी र बचत तथा ऋणको कारोबार गर्ने सबै सङ्घसंस्थाले प्रवाह गर्ने ऋण लगानीमा व्यक्तिगततर्फ एक प्रतिशत र सामूहिक जमानीतर्फ १.५ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन नपाउने गरी सन्दर्भ ब्याजदर लागू गर्ने व्यवस्था गरिएको छ।

तोकिएको सन्दर्भ ब्याजदर सहकारी सङ्घसंस्थाका लागि निर्देशक ब्याजदरका रुपमा रहने हुँदा सहकारी विभाग र राष्ट्रिय सहकारी महासङ्घ तथा केन्द्रीय विषयगत सङ्घबाट पालनाको अनुगमन गर्दा सहकारी कानूनबमोजिम हुने विभागका रजिष्टार रुद्रप्रसाद पण्डितद्वारा हस्ताक्षरित सूचनामा उल्लेख छ।

# पाँच सय १८ मोतिविन्दुका बिरामीको आँखाको शल्यक्रिया

**राजबिराज**/कृति सामुदायिक स्वास्थ्य उपचार केन्द्रमा सञ्चालित तीन दिने निःशुल्क आँखा शिविरमा ५ सय १८ मोतिविन्दुका बिरामीको आँखाको शल्यक्रिया गरिएको छ।

सप्तरीको कंचनरुप नगरपालिका १२ स्थित सञ्चालित शिविरमा एक हजार ८ सय ५० जना आँखाका बिरामीले जाँच गराएको थिए। उक्त संख्यामा बिरामीको शल्यक्रिया गरिएको उपचार केन्द्रका संरक्षक प्रा. डा. रोहित कुमार पोखरेलले जानकारी दिएका छन्।

तिलगंगा नेत्र प्रतिष्ठान काठमाडौंका चिकित्सकले शल्यक्रियासहितको उपचार गरेका हुन्। शिविरमा डा. सागर रुइत, डा. सृजना अधिकारी, डा. कृपा लोप्चन, डा. प्रविन यादव लगायतका चिकित्सक उपचारमा सहभागी थिए।

शिविरमा सप्तरी, सिरहा, सुनसरी, उदयपुर जिल्ला र भारतबाट समेत बिरामी आएका थिए। यसअघि सो केन्द्रमा तीन पटक निःशुल्क आँखा शिविर सञ्चालन भइसकेको छ।

# गौ सेवा आश्रममा आगलागि

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका १ मा पण्डित रामकुमार शास्त्रीद्वारा संचालित गौ सेवा आश्रममा आगलागि भएको छ।

विद्युत शर्ट भएर विहीवार मध्यरात आगलागी हुदाँ काठको संरचना भएको आश्रमको दुई तल्ले घर पुर्ण रुपमा जलेर नष्ट हुँदा १० लाख बराबरको क्षति भएको पण्डित शास्त्रीले जानकारी दिए।

आगोले आश्रमघरका साथै फर्निचर, भाडाँकुडा, लत्ताकपडा, खाद्यन्न, विद्युतीय उपकरण लगायतका सरसमान जलेर खरानी भएको उनले बताए। राजविराजबाट पुगेको बारुणयन्त्र, प्रहरी र स्थानीयवासीको सहयोगमा आगोमाथी नियन्त्रण कायम गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# नगरपालिकाको प्रशासकीय भवन निर्माण

**राजबिराज**/पाँच करोड ९७ लाख ३१ हजार ५११ को लागतमा सप्तरीको बोदेबर्साइन नगरपालिकाको प्रशासकीय भवन निर्माण भएको छ।

मंगलबार महाशिवरात्रि पर्वको अवसरमा नगरप्रमुख आतेशकुमार सिंह यादव र निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादवले वडाध्यक्ष तथा कर्मचारीको उपस्थितिमा गृह प्रवेश पूजा गरे।

अन्डरग्राउडसहित चार तले निर्माण गरिएको भवन प्रशासन, बैठक कक्ष, मेडिकल प्रयोगशाला, राजनीतिक पदाधिकारी तथा कर्मचारी बस्ने कोठा, पार्किङ, शैचालय, लिफ्ट र आपाङ्तामैत्री शौचालय तथा चमेना गृहलगायत संरचना बनाइएको इञ्जिनीयर बिनोद साहले जानकारी दिएका छन्।

नगरपालिकाको प्रशासकीय भवन बनाउन नगर प्रमुख यादवले १० कट्ठा जग्गा निःशुल्क दान गरेका थिए। न्यू ड्इगन निर्माण सेवा कोटेश्वर काठमाडौंले दुई बर्षमा कार्य सम्पन्न गर्ने गरी २०७६ माघ १६ गते नगरपालिकासँग सम्झौता गरेको थियो।

# एघार सदस्यीय ज्येष्ठ नागरिक तदर्थ समिति गठन


**राजबिराज**/राजबिराज नगरपालिका वडा नं. २ मा जेष्ठ नागरिक सत्य नारायण देवको अध्यक्षतामा ११ सदस्यीय ज्येष्ठ नागरिक तदर्थ समिति गठन गरिएको हो।

गठित समितिको उपाध्यक्षमा रामदेव यादव, सचिवमा रामदेव यादव (वन) र भरतलाल देव तथा कोषाध्यक्षमा देवराम यादबलाई चयन गरिएको छ।

त्यस्तै तदर्थ समितिको सदस्यमा प्रबोध नारायण सिँह, रामशंकर गोईत, जय नारायण देव, उग्र प्रसाद देव, बिन्दु प्रसाद देव, श्रीप्रसाद देव रहेको तदर्थ समितिका अध्यक्ष सत्य नारायण देवले जानकारी दिएका छन्।

राजबिराज वडा नं. २ स्थित राप्रावि राजदेबी प्राङ्गणमा पूर्व प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादबको अध्यक्षतामा बसेको बैठकले सो तदर्थ समिति गठन गरिएको हो।

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं ।
अन्तर्राष्ट्रिय नारी दिवस भव्यरुपमा मनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# जनमत पार्टीका कार्यकर्ता र प्रहरीबीच घम्साघम्सी

**राजविराज**/जिल्ला निर्वाचन कार्यालय सप्तरीमा धर्ना दिन पुगेका जनमत पार्टीका कार्यकर्ता र प्रहरीबीच घम्साघम्सी भएको छ ।

किसानहरुको माग पुरा गर्न र निर्वाचनसँग सम्बन्धित माग लिएर शुक्रबार निर्वाचन कार्यालयमा धर्ना दिन पुगेको जनमत पार्टीका नेता कार्यकर्ता र प्रहरीबीच घम्साघम्सी हुँदा एक प्रहरीको दात भाचेको छ भने जनमतका पाँच जना कार्यकर्ता सामान्य घाइते भएका छन् ।

घम्साघम्सीकै क्रममा प्रहरी जवान विनोद यादवको दाँत भाचेको हो । प्रहरी जवान यादवले प्रर्दशनकारीले गरेको ढुंगा मुढाका क्रममा आफ्नो दाँत भाचेको बताए । जनमत पार्टीले भने प्रहरीले बल प्रयोग गर्दा आफ्नो पाँच जना कार्यकर्ता घाइते भएको जनाएको छ ।

निर्वाचन कार्यालयको मुल गेट मै धर्ना दिन खोजेका जनमत पार्टीका कार्यकर्तालाई प्रहरीले रोके पछि २० मिटर टाढा सडक मै उनीहरु धर्नामा वसेका थिए ।

पार्टीका जिल्ला सचिव थानेश्वर साहले प्रहरीले बल प्रयोग गर्दा संजय यादव, राजेश यादव, साधन दास, कल्पना यादव र प्रभु यादव लगायतका आफ्ना कार्यकर्ता घाइते भएको जानकारी दिएका छन् ।

यस्तै जनमत पार्टीका केन्द्रिय सदस्य सुरेन्द्र मधेशीले आफुहरुले दुई महिना भन्दा बढी समयसम्म किसानहरुको समस्याप्रति प्रदेश र संघीय सरकार गम्भिर हुनुपर्ने तथा निष्पक्ष, मर्यादित चुनावको माँग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने बताए ।

किसानको माग पुरा गर्नू पर्ने, निर्वाचन आयोगमा दर्ता रहेका दलहरुले पाइसकेका चुनाव चिन्हकै आधारमा स्थानीय तहको निर्वाचनमा पनि सहभागिता जनाउन पाउनु पर्ने, निर्वाचनमा कुनै दल विषेशको प्रभावमा नपरी स्वतन्त्र, निष्पक्ष र मर्यादित ढंगले काम गर्ने कर्मचारीलाई खटाउनु पर्ने लगायतका माग अघि सार्दै प्रर्दशनमा उत्रेका उनीहरुले नगर क्षेत्रको परिक्रमा पछि जिल्ला निर्वाचन कार्यालय नजिक धर्ना दिएका हुन् ।

# राप्रपाद्वारा १३ स्थानिय तहमा उम्मेदवारको नाम सिफारिस

**राजविराज**/राष्ट्रिय प्रजातन्त्र पार्टीले स्थानीय तहको निर्वाचनका लागी सप्तरीको १३ स्थानीय तहमा उम्मेदबारको नाम अनुमोदनका लागि सिफारिस गरेको छ ।

जिल्ला अध्यक्ष उमदेश्वर साहले राजविराज नगरपालिकाको प्रमुख पदका लागी उमेश प्रसाद साह, शम्भुनाथ नगरपालिकाको प्रमुख पदका लागी उम्मदेवश्वर प्रसाद साह र उपप्रमुख पदका लागी निलम देवी सदा, हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख पदका लागी नागेन्द्र प्रसाद साह, उप-प्रमुखमा शुकरी देवी मण्डल, बोदे बर्साइन नगरपालिकाको प्रमुख पदका लागी अशोक कुमार साह र उप प्रमुखमा सिता देवी यादवको नाम सिफारिस गरिएको छ ।

यस्तै खडक नगरपालिकाको प्रमुखमा बद्री नारायण साह, उप प्रमुखमा शर्मिला देवी साह, सुरंगा नगरपालिकामा प्रमुख पदका लागी बिरेन्द्र भगत उपप्रमुखमा प्रेम कुमारी महरा, डाक्नेश्वरी नगरपालिकाको प्रमुखमा सुर्य नारायण साह, उपप्रमुखमा एलिना आचार्य, कचंनरुप नगरपालिकाको प्रमुखमा कृष्ण कुमार चौहान, उपप्रमुख सुनिता देवी साह, महादेवा गाउँपालिकाको अध्यक्ष पदमा बेचन इशर, उपाध्यक्षमा उषा गिरी, बलानविहुल गाउँपालिकाको अधयक्ष पदमा राम नरेश यादव, उपाध्यक्षमा रंजना कुमारी यादवको नाम सिफारिस गरिएको छ ।

छिन्नमस्ता गाउँपालिकाबाट अध्यक्ष पदमा राम देब यादव, तिलाठी कोईलाडी गाउँपालिकाको अध्यक्षमा देशीनन्दन मण्डल, तिरहुत गाँउपालिकाको अध्यक्षमा दशरथ खंग, बिष्णुपुर गाउँपालिकाको अध्यक्षमा राम कुमार यादव, उपाध्यक्षमा शोभा देवी मण्डलको नाम सिफारिस गरि केन्द्रिय समितीमा पठाइएको अध्यक्ष साहले जानकारी दिए ।

उनले बाँकि रहेका स्थानीय तहका उम्मेदवारहरुको पनि एक साता भित्रै चयन गरी अनुमोदनका लागी केन्द्रिय समितीमा पठाइने जनाए ।





राजविराज नगर कार्यपालिकाको कार्यालय सप्तरी

**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# अन्तर्राष्ट्रिय समाचार

## पेशावर मस्जिदमा भएको 'भयानक हमलाको' संयुक्त राष्ट्र प्रमुखद्वारा निन्दा

**अमेरिका**/संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शुक्रबार पाकिस्तानको पेशावर शहरमा ५० भन्दाबढी व्यक्तिको मृत्यु भएको आत्मघाती विस्फोटको निन्दा गर्नुभएको छ ।

"प्रार्थनागृह आश्रयस्थल हुनुपर्छ, आक्रमणको निशाना होइन । म पाकिस्तानको पेशावरको मस्जिदमा शुक्रबारको नमाजको क्रममा भएको भयानक र दुख:द् आक्रमणको निन्दा गर्दछु । आफ्ना प्रियजन गुमाउनेप्रति मेरो संवेदना र पाकिस्तानका जनताप्रति मेरो ऐक्यबद्धता छ ।," उहाँले भन्नुभयो ।

शुक्रबार शिया मस्जिदमा भएको बिस्फोटमा ५६ को मृत्यु भएको थियो भने १९४ जना घाइते भएका थिए । घटनालाई आत्मघाती हमला भन्दै शहरका अधिकारीले शुरुमा दुईजना आक्रमणकारी संलग्न रहेको बताएका थिए ।

यद्यपि, पछि सार्बजनिकगरिएको ऋऋत्ख फुटेजले कालो शल्वार कमिज लगाएका एक्लो आक्रमणकारी शहरको किस्सा ख्वानी बजारमा रहेको मस्जिदमा पैदल प्रवेश गरेकोर पेस्तोल बोकेको देखाइएकोडन अखबारले रिपोर्ट गरेको छ ।

पाकिस्तानको मानबअधिकार आयोग (एचआरसीपी)ले शुक्रबार आत्मघाती विष्फोटको कडा निन्दा गरेको छ जुन यसले शिया उपासकलाई लक्षित गर्ने उद्देश्यले गरेको थियो । उक्त आक्रमण स्पष्टरूपमा शिया उपासकलाई लक्षित गर्ने उद्देश्यले गरिएको थियो । पेशावर बिस्फोटको निन्दा गर्दै एचआरसीपीले यो हमला स्पष्टरूपमा शिया उपासकलाई लक्षित गर्ने र साम्प्रदायिक संगठनको पहिचान बोकेको थियो भन्ने टिप्पणी गरेको छ । एजेन्सी

## संयुक्त राष्ट्रसङ्घद्वारा रुस-युक्रेन वार्ताको स्वागत

**अमेरिका**/संयुक्त राष्ट्र सङ्घले रुस-युक्रेन वार्ताको स्वागत गर्दै सबै सम्झौता ढिलाइ नगरी कार्यान्वयन हुने आशा व्यक्त गरेको छ ।

"हामी युक्रेनी र रुसी वार्ताकारबीच हिजो बेलारुसमा दोस्रो चरणको वार्ताको क्रममा रिपोर्ट गरिएको सम्झौताको स्वागत गर्दछौं," राजनीतिक मामिलाका उप-महासचिव रोजमेरी डिकार्लोले शुक्रबार एक विज्ञप्तिमार्फत सो कुरा उल्लेख गर्नु भएको छ ।

उनले भनिन् कि संयुक्त राष्ट्रसङ्घले बुझेको छ कि दुई पक्षले मानवीय कोरिडोरको स्थापनामा नागरिकको लागि सुरक्षित मार्ग र मानवीय सहायताको वितरणमा ध्यान केन्द्रित गरेको छ ।

"हामी आशा गर्दछौं यो रिपोर्ट गरिएको सम्झौता ढिलाइ नगरी लागू हुनेछ र पूर्ण र विना शर्त युद्धबिराममा छिट्टै सहमति हुनेछ," डिकार्लोले उल्लेख गरेका छन् । संयुक्त राष्ट्रसङ्घले दुवै पक्षलाई वार्ता जारी राख्न, सुरक्षा, मानवीय र अन्य मुद्दामा तत्काल प्रगति गर्न आग्रह गरेको छ ।

रुस र युक्रेनले बिहीबार बेलारुसमा दोस्रो चरणको वार्तामा सर्वसाधारणलाई बाहिर निकाल्न मानवीय कोरिडोर व्यवस्थित गर्न सहमत भएका थिए । "मानवीय कोरिडोरको संगठनको लागि मात्र समाधान छ," युक्रेनको राष्ट्रपति कार्यालयका प्रमुखका सल्लाहकार मिखाइलो पोडोलियाकले ट्विटरमा भनेका छन् ।

रुसी प्रतिनिधिमण्डलका प्रमुखसमेत रहेका रुसी राष्ट्रपतिका सहयोगी भ्लादिमिर मेडिन्स्कीले दुवै पक्षले सैन्य मामिला, मानवीय मुद्दा र भावी राजनीतिक समाधानबारे छलफल भएको बताएका छन् । एजेन्सी

## रूसद्वारा युक्रेनका दुई सहरमा अस्थायी युद्ध बिराम घोषणा

**मस्को**/युक्रेनका दुई सहरमा रुसले शनिबार अस्थायी युद्ध बिरामको घोषणा गरेको छ । रुसको रक्षा मन्त्रालयले मारीओपोल र भोल्नोभाखा सहरमा अस्थायी युद्ध बिराम घोषणा गरिएको जनाएको हो ।

ती शहरमा रहेकालाई सहर छोडेर जाने मौका दिनका लागि अस्थायी युद्ध बिराम गरिएको मन्त्रालयद्वारा जारी वक्तव्यमा लेखिएको छ । रक्षा मन्त्रालयले युद्ध बिराम घोषणा गरेसँगै रुसी सेनाले ती सहरमा सबै कारबाही रोकेको अधिकारीले जनाएका छन् ।

युक्रेनलाई आफ्नो नियन्त्रणमा लिनका लागि आक्रमण गरिरहेको रुसले धेरै मानवीय क्षति हुन नदिनका लागि यस्तो रणनीति लिएको देखिएको छ ।

"शनिबार मार्च ५ तारिखको बिहान १० बजेदेखि युद्ध बिराम लागु हुने छ, ती सहरमा रहेकालाई सहर छोड्न अनुरोध गर्दछौं, मानवीय क्षति कम होस भन्ने उद्देश्यले अस्थायी युद्ध बिराम गरिएको हो," मन्त्रालयद्वारा जारी वक्तव्यमा लेखिएको छ ।

रुसी सेनाले गत फेब्रअरी २४ देखि युक्रेनमा कारबाही सुरु गरेको हो । अहिलेसम्म ठूलो जनधनको क्षति भइसकेको छ भने विश्वभरबाट रुसको आलोचना भएको छ । मारीओपोल सहरका मेयर भादिम बोयचेन्कोले रुसी सेनाद्वारा सहर नै बन्धक बनाइएकाले मानवीय सहायताको आवश्यकता रहेको भन्दै अपिल गरेपछि रुसले अस्थायी युद्ध बिराम घोषणा गरेको हो । एजेन्सी

# दुई दिने सचेतना अभियान



**राजविराज**/बुद्ध हेल्थ प्रमोशन एण्ड एजुकेशनल सेन्टर राजविराज नामक संस्थाले कोभिड १९ बिरुद्धको दुई दिने सचेतना अभियान थालेको छ।

राजविराज १० स्थित जनक आधारभुत विद्यालय बिरोलबाट सुरु गरिएको अभियान अन्तरगत शनिबार सहभागिहरुलाई सचेतनासँगै मास्क, सेनिटाइजर र साबुन लगायतका स्वास्थ्य सुरक्षा सामाग्रि समेत बितरण गरिएको छ।

राजविराज नगरपालिकाको सहयोगमा संचालित दुई दिने सचेतना अभियानका अवसरमा संस्थाका कार्यकारी सचिव अजित ठाकुरले कोरोना अहिले केही मत्थर भएपनि जोखिम कायमै रहेको भन्दै सबैले सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको कडाईका साथ पालना गर्नुपर्नेमा जोड दिए।

कार्यक्रमका प्रशिक्षक नरेश चौधरीले केही दिन यता मास्क लगाएर घर बाहिर निस्किनेहरुको संख्या बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै मास्क नलगाई नहिड्न सुझाव दिंदै स्वास्थ्य सुरक्षाका लागि मास्कको प्रयोग र सरसफाईमा विशेष ध्यान दिन आग्रह गरे।

कार्यक्रममा वडा अध्यक्ष सुशिलकुमार दास, प्रधानाध्यापक उमेशप्रसाद दास, राजविराज नगरपालिकाकी अधिकृत अनिता चौधरी लगायतले पनि बोल्दै कोरोनाको अवस्था पुन: दोहरिन नदिन नागरिक आफै पनि सचेत हुनुपर्नेमा जोड दिए।

उक्त कार्यक्रममा महिला पुरुष गरि स्थानिय ३५ जनाको सहभागिता रहेको छ भने अभियान अन्तरगत प्रयोगात्मक कक्षा समेत संचालन गरिएको आयोजक संस्थाले जनाएको छ।

# फागुन २० देखी २६ सम्म मतदाता नामावलीमा त्रुटि सच्याउन समय

**राजविराज**/जिल्ला निर्वाचन कार्यालय सप्तरीले एक अन्तरक्रिया कार्यक्रममार्फत स्थानीय तह निर्वाचन सम्बन्धि कार्यतालिका सार्वजनिक गरेको छ।

सरोकारवालाहरुसँग मतदाता नामावली अद्यावधीक (दाबी विरोध समेत) सम्बन्धि अन्तरक्रिया कार्यक्रमको आयोजना गरी निर्वाचन कार्यालयले सो तालिका सार्वजनिक गरेको हो।

सार्वजनिक कार्यतालिका अनुसार फागुन १९ गते निर्वाचन कार्यक्रमको सुचना तथा मतदाता नामावली प्रकाशन, फागुन २० गते मतदाता नामावलीमा दोहरो नामावली भएका, मृत्यु भएका, नागरिकता परित्याग गरेका, बसाई सराई गरेका लगायतका विषयमा त्रूटि सच्याउन वा दाबी बिरोध गर्ने समय तोकिएको जनाएको छ।

यस्तै फागुन २० गतेदेखी २६ गतेसम्म मतदाता नामावलीमा कुनै त्रुटि भए सच्याउन समय दिएको छ। नामाबलीमा रहेका त्रुटि सच्याउन, झुटो विवरण दिई नाम समावेश गरेको भए विरोधमा उजुरी दिन, एक भन्दा बढी स्थानमा नाम समावेश भएको भए एक ठउँको मात्र कायम गर्न र मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन निवेदन दिन सक्ने जनाइएको छ।

मतदाता नामावली सम्बन्धित पालिकाको बडा कार्यालय, जिल्ला निर्वाचन कार्यालय र निर्वाचन आयोगको वेवसाइटमार्फत सार्वजनिक गर्दैछ। कोही मतदाताको नामावलीमाथि उजुरी परे प्रमाणसहित सफाइको मौका पनि दिइने आयोगले जनाएको छ।

कार्यक्रममा जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले बैशाख २९ सम्म मतदान गर्ने उमेर पुगेकालाई समावेश गरिने बताए। उनले माघ २४ सम्म चलेको मतदाता नामावली संकलन अभियान अन्तर्गत नाम लेखाएर बैशाख २९ सम्म १८ वर्ष पुरा गरेका सबैले मतदान गर्न पाउने बताए।

मतदान संकलन अभियानका क्रममा थपिएका ६० हजार ७ सय ९ मतदाता सहित जिल्लामा २ लाख २१ हजार १ सय पुरुष, २ लाख ३ हजार ५ सय ६२ महिला र २२ तेश्रो लिंगी गरी कुल मतदाताको संख्या ४ लाख २४ हजार ७ सय ९ पुगेको कार्यक्रममा उनले जानकारी दिए।

### *भन्सार कार्यालयलाई...*

तस्करी वा कालोबजारी नियन्त्रण गर्ने जिम्मेवारी दुबै तिरको प्रशासनको काम रहेको विज्ञप्तिमा उल्लेख गर्दै सिमा आसपास हुने तस्करी, कालोबजारी नियन्त्रणमा उक्त क्षेत्रको बासिन्दाको सहयोग लिनुको सट्टा आमजनता कोरोना महामारीले थलिएको र आर्थिक मन्दीको बेला अनाहकमा पिडा दिनु दु:खद रहेको ठहर गरिएको छ।

सोही विज्ञप्तिमा सिमा क्षेत्रमा हुने गरेको कालोबजारी, तस्करीको नाममा आम सर्बसधारणको दैनिक जिबनमा असर पर्ने कार्य सहि नभएको जनाउँदै यस्तो अब्यबहारिक निर्णय तुरुन्त फिर्ता लिन सम्बधित निकायलाइ आग्रह समेत गरिएको छ।

# रोजगार सेवा केन्द्रहरुसँग सहकार्य एवं अन्तरक्रिया सम्पन्न



**राजविराज**/सुरक्षित आप्रवासन परियोजना (सामी) अन्तर्गत सुरक्षित वैदेशिक रोजगारीका लागी रोजगार सेवा केन्द्रहरुसँग सहकार्य एवं अन्तरक्रिया कार्यक्रम शनिबार सम्पन्न गरेको छ।

आयोजित कार्यक्रममा बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाउने तथा आर्थिक सहायताका लागि बोर्डमा स्थानिय सरकारबाट सिफारिस, छिटो छरितो कार्य गर्ने बारे र रोजगार सेवा केन्द्र तथा आप्रवासी श्रोत केन्द्रबीच सहकार्य गरि अगाडी बढ्ने उद्देश्यका साथ कार्यक्रम गरिएको हो।

कार्यक्रममा सुरक्षित आप्रवाशन परियोजना (सामी) अन्तरगत सम्पन्न कृयाकलापहरु र प्राप्त उपलब्धी बारे परियोजना संयोजक राजेन्द्र यादवले प्रगति प्रतिवेदन प्रस्तुतीकरण गरेका थिए।

नेपाल सरकार र स्विस् सरकारको द्विपक्षीय सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीतिगत पहल, प्रदेश सरकारको समन्वय हेल्भेटास नेपालको प्राबिधिक सहयोग, राजबिराज, कंचनरुप, शम्भुनाथ नगरपालिका तथा राजगढ गाउपालिकाको नेतृत्वमा सेवा प्रदायक संस्था सप्तरी सामुदायिक विकास केन्द्र, नेपाल राजबिराजद्वारा संचालित अन्तरक्रिया कार्यक्रममा स्थानिय तहका रोजगार संयोजक तथा प्राविधिक सहायकहरुको सहभागिता रहेको थियो।

सप्तरी सामुदायिक विकास केन्द्र नेपालका अध्यक्ष मिथिलेश कुमार यादवको अध्यक्षतमा सम्पन्न कार्यक्रममा राजबिराज नगरपालिकाका सहायक लेखापाल जयराम यादव, रोजगार संयोजक ज्योतिश यादव र रुपनी गाउँपालिकाका प्राविधिक सहायक अनिल कुमार यादवले मन्तव्य व्यक्त गरेका थिए।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*